"जलस्रोत, कृषि, शिक्षा, पर्यटन, संस्कृति र पुर्वाधार : आत्मनिर्भर, समुन्नत र समृद्ध तादी निर्माणको आधार"

# तादी गाउँपालिकाको आर्थिक ऐन २०८१

गाउँसभा बाट स्वीकृत मिति : २०८१/३/१०



तादी गाउँपालिका

खरानीटार नुवकोट

विक्रम संवत् २०८१ साल असार १० गते

# तादी गाउँपालिकाको

आर्थिक ऐन २०८१

## तादी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१

प्रस्तावनाः-

तादी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको **संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२** बमोजिम तादी गाउँपालिकाको १५ औं गाउँ सभा बाट यो ऐन बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः-

(१)संक्षिप्त नाम र प्रारम्भ :"आर्थिक ऐन २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साउन महिना देखि लागू हुनेछ।

२. परिभाषाः-

(क) "सम्पत्ति कर' भन्नाले घर र घरले चर्चेको जग्गा कर लाई बुझाउँदछ।

(ख) "घर जग्गा कर' भन्नाले घर र सो घर रहेको कित्ता जग्गाको संयुक्त मुल्यांकनवाट प्राप्त हुने करलाई वुझाउँदछ।

(ग) "भूमि कर (मालपोत)' भन्नाले जग्गाको स्वामित्ववाट प्राप्त हुने करलाई वुझाउँदछ।

(घ) "घर जग्गा वहाल कर' भन्नाले धनीले घर जग्गा बहालमा दिइ प्राप्त गरेको आम्दानीवाट प्राप्त भएको करलाई वुझाउँदछ।

(ङ) "व्यवसाय कर' भन्नाले व्यवसाय दर्ता गरि प्राप्त हुने करलाई वुझाउदछ।

(च) "सवारी साधन कर' भन्नाले तोकीएको सवारी साधन दर्ता र सञ्चालनवाट प्राप्त हुने करलाई वुझाउँदछ।

(छ) "विज्ञापन कर' भन्नाले बस्तु वा सेवाको प्रचार गरे वापत प्राप्त हुने करलाई वुझाउँदछ।

(ज) "मनोरन्जन कर' भन्नाले व्यवसायिक प्रयोजनमा मनोरञ्जन स्थलवाट प्राप्त हुने करलाई वुझाउँदछ।

(झ) "पार्किङ्ग शुल्क' भन्नाले पार्किङ्ग स्थल प्रयोग गरे वापत प्राप्त हुने शुल्कलाई वुझाउँदछ।

(ञ) "सेवा शुल्क, दस्तुर' भन्नाले विभिन्न प्रकारका दर्ता, सिफारिस लगायतका सेवा प्रवाह गरे वापत प्राप्त हुने शुल्कलाई वुझाउँदछ।

(ट) "पर्यटन शुल्क' भन्नाले पर्यटकहरु गाउँपालिका भित्र वा तोकिएको पर्यटकिय क्षेत्रमा प्रवेश गरे वापत प्राप्त हुने शुल्कलाई वुझाउँदछ।

(ठ) "घर जग्गा रजिष्ट्रेशन शुल्क' घर जग्गाको हक हस्तान्तरण गरे बापत प्राप्त हुने शुल्कलाईवुझाउँदछ।

(ड) "अन्य कर'' भन्नाले यस विधेयकमा व्यवस्था गरिएका कर बाहेकका अन्य सेवा शुल्क, कर दस्तुरलाई वुझाउँदछ।

(ढ) "प्रदेश' भन्नाले बागमति प्रदेश सरकारलाई वुझाउँदछ।

३. **भूमि कर (मालपोत)ः-** गाउँपालिका क्षेत्रभित्र घर निर्माण भएको जग्गा तथा निर्माण नभएको खाली जग्गाको **अनुसूची -१** बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **घर जग्गा वहाल करः-**

क) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी र अन्य पूरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूची -२** मा उल्लेख भए वमोजिम वा उक्त अनुसुचीको दररेट नघट्ने गरि घरधनीले स्वःघोषणा गरेकोमा वा सम्झौता पत्र अनुसारको बहाल रकममा १० प्रतिशत घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

ख) घर जग्गा बहाल कर एक आर्थिक वर्ष भित्र चुक्ता गर्नु पर्नेछ।

ग) सम्पत्ति बहालमा लगाउन दुई पक्ष वीच सम्झौता गर्दा न्यूनतम एक वर्षको म्याद भएको हुनु पर्नेछ। मासिक बहाल रु. २०,०००/- भन्दा बढी भएमा सम्झौता पत्र अनिवार्य पेश गर्नुपर्ने छ।

घ) घर बहाल कर प्रत्येक आ.व.को (व्यक्तिगतको हकमा) मासिक रुपमा तिर्न सक्ने छ । उक्त बहाल कर अग्रिम भुक्तानी गरेमा ५ प्रतिशत छुट दिईने छ । तर चालु आ.ब.मा बहाल कर भुक्तानी नगरेमा अर्को आ.ब.मा १० प्रतिशतका दरले बिलम्ब शुल्क लाग्ने छ ।

ङ) संघ संस्था तथा कम्पनीको नाममा भएको भवनमा नै कम्पनी संचालनमा रहेको भएमा वहाल कर नलाग्ने तर घरधनी तथा कम्पनी वा संस्था फरक भएमा बहाल कर बुझाउनु पर्नेछ ।

च) घरधनीसँग सम्झौता गरी बहालमा लिएको स्थानको बहाल कर घरधनी र दोश्रो पक्ष विच भएको सम्झौतामा उल्लेख भए बमोजिम लाग्नेछ । दोश्रो पक्षले उक्त स्थान तेश्रो पक्षलाई बहालमा दिएमा उक्त दोश्रो पक्ष र तेश्रो पक्ष विचको सम्झौतामा उल्लेख भए बमोजिमको रकमको बहाल कर तेश्रो पक्षले बुझाउनु पर्नेछ ।

ज) करदाताले गाउँपालिका क्षेत्रभित्रको आफ्नो वहाल आयमा थपघट भएमा वा वहालमा नलागेको अवस्थामा ३५ दिन भित्र वडाको सिफारिस सहित कार्यालयमा सोको विवरण एवं जानकारी पेश गर्नुपर्नेछ । सो अवधिमा विवरण पेश हुन नआएमा कारण खुलाई वडाबाट सिफारिस गर्नुपर्नेछ ।

५. **व्यवसाय दर्ता कर:-**गाउँपालिका क्षेत्रभित्र संचालन हुने व्यापार, व्यवसाय वा सेवामा **अनुसूची -३** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

क) उद्योग, ग्रिल, फर्निचर व्यवसाय, वर्कशप, कवाडी व्यवसाय, पशुपन्छी पालन जस्ता मानव तथा वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने व्यवसायहरुलाई सम्वन्धित वडाको रोहवरमा स्थलगत सर्जमिन मुचुल्का गराई मात्र व्यवसाय दर्ता गरिनेछ ।

ख) २०७३ साल भन्दा अगाडी अन्य सरकारी निकायमा दर्ता भई यस गाउँपालिका क्षेत्र भित्र संचालन भईरहेको व्यवसाय/संघ संस्था दर्ता नविकरण गर्दा आधार बर्ष आ.व.२०७३/०७४ लाई मानि कर निर्धारण गरिनेछ । आ.व. २०७३/०७४ भन्दा अगाडी सम्झौता भएकोमा सम्झौतामा उल्लेख भए वमोजिम र सम्झौता नभएको हकमा वहाल करका लागि आधार बर्ष आ.व.२०७३/०७४ मानि कर निर्धारण गरिनेछ ।

ग) अन्यथा जुनसुकै कुरा लेखिएको भएता पनि चालु आ.व. सम्ममा तिर्न बाँकी बक्यौतामा व्यवसाय नविकरण कर निर्धारण गर्दा चालु आ.व. को स्वीकृत दररेट लाई आधार मानी लागु गरिनेछ ।

घ) यस गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका ब्यापार व्यवसायको पुँजी खुलाई वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा **अनुसुचि-४** बमोजिम दररेट लागु गरिनेछ ।

ङ) यस गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक तथा ऐलानी जग्गाहरुमा कुनै व्यक्ति वा संघ संस्थाहरुले गाउँपालिकाको स्वीकृत/अनुमति बिना घर टहरा अन्य निर्माण कार्य गर्न पाईने छैन । यदि कुनै संघ संस्थाहरुले आफ्नो संस्था संचालन गर्न (नेपाल सरकारको कानुनी तथा संस्थाको स्वीकृत विधान अनुसार ) आय आर्जनका लागी व्यापारीक प्रयोजनमा प्रयोग गरेमा अथवा बहाल संम्झौता गरी कसैलाई प्रयोग गर्न दिएमा बहाल कर तिर्दा र व्यवसाय दर्ता गर्दा बहाल कर तथा व्यवसाय करको दोब्बर दस्तुर लिई व्यवसाय दर्ता गरिने छ ।

च) यस गाउँपालिका क्षेत्रमा स्थानीय सरकार संचालन ऐन **२०७४ को परिच्छेद-७दफा २७ को (१)** बमोजिम कसैले पनि गाउँपालिकाबाट नक्सापास नगराई भवन, घर, टहरा तथा अन्य निर्माण कार्य गर्नु हुदैन । यदि नक्सापास नभएको भवन, घर, टहरा तथा अन्य निर्माण कार्यमा व्यवसाय संचालन गरेको छ भने त्यस्तो व्यवसायको हकमा व्यवसाय दर्ता गर्दा बहाल संम्झौता पत्र अनुसार बहाल कर तथा व्यवसाय करको दोब्बर दस्तुर लिई व्यवसाय दर्ता गरिने छ ।

(छ) गत आ.व. हरुमा यस गाउँपालिकामा दर्ता गरी संचालनमा रहेका सम्पुर्ण व्यवसायिक फर्म, व्यवसाय तथा उद्योगहरुको हकमा व्यवसायिक प्रकृतिको आधारमा गत आ.व. हरुको स्वीकृत दर रेटको आधारमा ५० प्रतिशत नविकरण दस्तुर लाग्नेछ ।

ज) यस गाउँपालिका भित्र कुनैपनि व्यवसाय दर्ता गर्न र ति व्यवसायहरुको नविकरण शुल्कहरु यसै आर्थिक ऐन बमोजिम हुनेछ । यस ऐनमा नसमेटिएका व्यवसाय र सो को नविकरण दस्तुको हकमा व्यवसाय दर्ता नविकरण कार्यविधि बमोजिम कार्यान्वयनमा ल्याईनेछ ।

६. **सवारी साधन कर:-**सवारी साधनहरुको कर प्रदेश सरकारबाट संकलन गरी प्रदेश कानून बमोजिम बाँडफाँड हुनेछ । साथै गाउँपालिकाले असुल गर्ने सवारी साधन कर **अनुसूचि - ५** बमोजिम असुल उपर गरिनेछ ।

७. **विज्ञापन कर:-**गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूची - ६** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

क) संकलित कर प्रदेश कानून बमोजिम बाँडफाँड हुनेछ ।

ख) पुर्व स्वीकृत विना अनाधिकृत रुपमा राखिएका विज्ञापन सामाग्री जफत गरि जरिवाना सहित कालो सुचिमा राखिनेछ ।

ग) विज्ञापन कर वुझाउनु पर्ने अवधि भित्र विज्ञापन कर नबुझाउने करदाताहरुलाई बुझाउनु पर्ने कर रकममा प्रदेश कानूनले तोके वमोजिम बार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गरिनेछ ।

घ) व्यवसाय दर्ता भएकोमा आफ्नै व्यवसायको विज्ञापन वापत एउटा वोर्ड सम्मका लागि घटिमा २४ वर्गफिटको विज्ञापन वापतको दस्तुर प्रति वर्गफिट रु १५।- का दरले लिइनेछ । सो भन्दा वढि विज्ञापन वोर्ड राखेमा प्रति वर्गफिट रु २५।- का दरले लाग्नेछ ।

ङ) नेपाल सरकार (केन्द्रिय, प्रदेश र स्थानीय) कानूनद्वारा निषेधित गरेको विज्ञापन गरेमा जुनसुकै वखत जफत गरी जरिवाना सहित कारवाही गरिनेछ ।

८. **मनोरन्जन कर:-**गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय तथा कार्यक्रमहरुको दररेट प्रदेश कानूनले तोके बमोजिम **अनुसुचि - ७** वमोजिम लगाइने र असुल उपर गरिनेछ । त्यसरी संकलित कर प्रदेश कानून बमोजिम बाँडफाँड हुनेछ ।

क) मनोरञ्जन कर वुझाउनु पर्ने अवधि भित्र मनोरञ्जन कर नबुझाउने करदाताहरुलाई बुझाउनु पर्ने कर रकममा प्रदेश कानूनले तोके वमोजिम बार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गरिनेछ ।

९. **बहाल बिटौरी शुल्क:-**गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूची - ८** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **पार्किङ्ग शुल्क:-** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत **अनुसूची - ९** बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गर्न सकिनेछ ।

११. **सेवा शुल्क, दस्तुर:-**गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन तथा सेवा प्रवाह गरेमा **अनूसूची - १०** मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्क:-**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट **अनुसूची - ११** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएकोमा सोहि बमोजिम हुनेछ ।

१३.. सहकारी सम्बन्धि सेवा शुल्क, कर दस्तुर तथा जरिवानाका लागि प्रस्तावित आय **अनुसुचि - १२** बमोजिम हुनेछ ।

१४. **कर छुट:-**

क) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई तोकिएको बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन । तर गाउँपालिका संग प्रत्यक्ष सम्वन्ध भएका गैर नाफामुलक सेवा प्रदायक संगठित संस्थाहरुलाई गाउँसभाको निर्णयानुसार छुट दिन सकिनेछ । साथै नेपाल सरकारको सम्वन्धित निकायबाट कर छुट प्रमाणपत्र प्राप्त संस्थालाई समेत दिइनेछ ।

ख) अशक्त अपाङ्ग, दलित, सिमान्तकृत, यौनिक अल्पसंख्यकहरुद्वारा यस गाउँपालिका क्षेत्रमा सञ्चालित पेशा व्यवसायहरु दर्तामा ५० प्रतिशत र नविकरण गर्दा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइने छ ।

ग) महिला समुह, महिला सहकारीलाई विशेष प्राथमिकता दिई क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु ल्याईने छ ।

घ) आगामि आ.व. २०८१/०८२ को बहाल करसोहि आ.व. को प्रथम त्रैमासिकमा चुक्ता गर्नेलाई १० प्रतिशत, दोस्रो त्रैमासिकमा चुक्ता गर्नेलाई ५ प्रतिश छुटको विशेष व्यवस्था गरिनेछ । तर आगामि आ.व. २०८१/०८२ मा बाहाल कर भुक्तानी नगरेमा अर्को आ.ब.मा १० प्रतिशतका दरले बिलम्ब शुल्क लाग्ने छ ।

ङ) आफ्नो व्यवसायिक फर्मको साइन बोर्डमा स्थानीय भाषाको लिपि प्रयोग गरेमा सो बोर्डमा लाग्ने दस्तुरमा ५० प्रतिशत कर छुट दिइनेछ ।

च) आर्थिक बर्ष सूरु भएको ३ (तिन) महिना भित्र प्रत्येक व्यवसायिक फर्महरु नविकरण गर्न आएमा नविकरण दस्तुरमा २५ प्रतिशत छुट दिईनेछ । उल्लेखित छुटको प्रावधान घ श्रेणिको फर्ममा लागुहुने छैन ।

छ) गाउँपालिका क्षेत्र भित्रका सडक, खोला खोल्सा, वनजंगल, सार्वजनिक कुवा पंधेरो आदि तथा अन्य सार्वजनिक स्थलहरुमा जथाभावि फोहर गर्ने, फोहर फ्याकेमा तादी गाउँपालिकाको फोहोर मैला व्यवस्थापन कार्यविधि बमोजिम हुने छ ।

ज) महिलाको नाममा व्यवसायिक फर्म दर्ता गर्दा दर्ता शुल्कमा २५ प्रतिशत छुट दिईने छ ।

१७. नियमावली तथा कार्यविधि बनाउन सक्ने:- तादी गाउँपालिका, गाउँ कार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु वनाई लागु गर्न सक्नेछ ।

१८. दण्ड जरिवाना:-

क) यस ऐनमा तोकिएको विषयमा बाहेक अन्य विषयमा लाग्ने दण्ड, जरिवाना छुट हुने छैन ।

ख) सहकारी सम्वन्धी जरिवाना **अनुसुचि - १२** मा तोकिए वमोजिम हुनेछ ।

घ) तादी गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक, पाटीपौवा, घर टहरामा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने, फोहरमैला फैलने गरी तथा निमार्ण सामाग्रीबाट उत्सर्जित फोहोर एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा लिलामी गरिने छ । साथै उक्त कार्यमा बाधा अड्चन तथा पटक पटक सचेत गर्दा पनी अटेर गरेमा दण्ड जरिवाना वापत न्युनतम रु.५००।- देखी अधिकतम रु, १०,०००।- सम्म दण्ड जरिवाना गर्न सकिने छ ।

(ङ) ढुङगा, गिट्टि बालुवा चोरी निकासी गर्ने लाई तपशिल बमोजिम जरिवाना गरिनेछ

| विवरण | आ.ब. २०८१/८२ को लागि स्वीकृत |
|---|---|
| (क) ट्रिपर प्रति टिप | :- १५०००।- (पन्ध्र हजार मात्र) |
| (ख) मिनि ट्रिपर (आईचर) प्रति टिप | :- १२,०००।- (बाह्र हजार मात्र) |
| (ग) ट्याक्टर प्रति टिप | :- ७०००।- (सात हजार मात्र) |
| घ. डोजर स्काभेटर प्रयोग गरेर, ढुंगा उत्खनन गरी विक्रि वितरण गरेमा | रु. ५०,०००।- (पचास हजार मात्र) |

च) अनाधिकृत ढुङ्गा, गिट्टि, बालुवा उत्खनन गरी विक्रि वितरण गर्ने उपर पक्रने तथा गोप्य सूचना प्रदान गर्ने लाई जरिवाना अशुली बाट प्राप्त रकमको २५ प्रतिशत रकम सूचना दिने व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने । उक्त सूचना प्रदान गर्नेको नाम गोप्य राखिने छ ।

१९. **कर फिर्ता/समायोजन सम्बन्धी व्यवस्था:-**करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिनु पर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ । सोको व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्न सक्दछ । कुनै करदाताले एक शिर्षकमा जम्मा गर्नु पर्ने रकम अर्को शिर्षकमा जम्मा हुन गएकोमा सोको व्यहोरा मनासिवदेखिएमा प्रमुख प्रसाशकीय अधिकृतले कर समायोजन गर्न स्वीकृत दिन सक्नेछ ।

२०. प्रचलित कानून बमोजिम यस गाउंपालिका भित्रमा भवनका लागि जग्गा प्लटिङ्ग गर्नु पूर्व यस गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ । त्यसरी स्वीकृतीका लागि आवेदन गर्दा प्रचलित मापदण्ड अनुसारको व्यवस्था उल्लेख गरी परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ । साथै उक्त परियोजना स्वीकृत गर्दा प्रति आना रु १५००। का दरले सेवा शुल्क लगाईनेछ ।

२१.**बाधा अड्काउ फुकाउ:-** कर, राजश्व, घरभाडा छुट/जरिवाना माफी तथा कर लिने क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा गाउँ कार्यपालिकाबाट फुकाउन सकिनेछ ।

२२. **सेवा प्रवाहमा कर चुक्ता (सिफारिस)** : गाउंपालिका तथा वडा कार्यालयहरु बाट प्रवाह हुने सेवा प्रवाह तथा सिफारिसका लागी अनिवार्य रुपमा बहालकर, मालपोत कर चुक्ताको प्रमाण पत्र पेश गर्नु पर्ने छ । तर नागरिकता, पञ्जिकरण जस्ता मौलिक हक अन्तर्गतका सेवाहरु तथा स्वास्थ्य उपचार, छात्रवृत्ती र विपद सम्बन्धि सिफारिस गर्दा उक्त करहरु चुक्ताको प्रमाणपत्र (असुली) अनिवार्य हुने छैन ।

२३. गाउँपालिका बाट निकासी हुने कवाडी सामानहरुको कर **अनुसूची १३** बमोजिम हुनेछ ।

२४ निर्माण सामाग्रि कर **अनुसूची १४** बमोजिम हुनेछ । साथै गाउँपालिका भित्र हुने विकास निर्माणका निम्ति प्रयोग हुने नदि तथा आनि जन्य ढुङ्गा, गिट्टी बालुवा स्थानीय स्तर कै/गाउँपालिका भित्र कै प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

२५. **अन्य कर :** गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुमा सेवाग्राहिहरु मार्फत पेश हुन आएको निवेदनमा रु २५ बराबरको हुलाक टिकट वा सो बराबर नगदै दस्तुर पेश गर्नुपर्नेछ ।

## अनुसूची १
## दफा ३ संग सम्वन्धित

| **मालपोत कर** | | आगामी आ.व ०८१।०८२ को प्रस्तावित दररेट |
|---|---|---|
| **विवरण** | **जग्गाको प्रकृति** | **दर** |
| मुल कच्चि मो.बा.ले छोएको प्रति रोपनी | **अब्बल** | **१००** |
| | **दोयम** | **७५** |
| | **पाखो बारी (चाहार)** | **५०** |
| | **सिम** | ४० |
| मुल पिच मोटर वाटोले छोएको प्रति रोपनी वडा नं २, ३, ४, ५, ६ | **अब्बल** | **२००** |
| | **दोयम** | **१५०** |
| | **पाखो बारी** | **१००** |
| | **सिम** | ७५ |
| शाखा मोटर बाटोले छोएको प्रति रोपनि | | |
| आँप्रह पुल- बाहुनबेसि- नर्जा भन्ज्याङ, सातविसे - बाघमारा, खरानीटार- डाँडागाउँ- टुटुङ- दोर्खु खोला | **अब्बल** | २०० |
| | **दोयम** | **१५०** |
| | **पाखो बारी** | १०० |
| | **सिम** | ५० |
| कच्चि मोटर वाटोले छोएको( भित्री) प्रति रोपनी | **अब्बल** | **१००** |
| | **दोयम** | **७५** |
| | **पाखो बारी** | **५०** |
| | **सिम** | ४० |
| गोरेटो वाटोले छोएका प्रति रोपनी | **अब्बल** | **५०** |
| | **दोयम** | ४० |
| | **पाखो बारी** | **३०** |
| | **सिम** | २५ |
| अन्य जग्गाहरु प्रति रोपनी | | २० |

## अनुसूचि - २

(दफा ४ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरू | आगामी आ.व ०८१।०८२ को प्रस्तावित दररेट |
|---|---|---|
| १ | बहाल कर | बहाल रकमको १० (दश) प्रतिशत |

## अनुसूचि - ३
(दफा ५ सँग सम्बन्धित)

| सि. न. | राजस्वको क्षेत्रहरू | आगामी आ.व ०८१।०८२ को प्रस्तावित दररेट |
|---|---|---|
| (क) विशेषज्ञ तथा परामर्शसेवा | | |
| १ | चिकित्सक, इन्जिनियर, इन्टेरियर डिजाईन, कानून व्यवसायी, लेखा परीक्षक, अनुसन्धानकर्ता, प्रोग्रामर, बीमा एजेन्ट, सर्भेयर, दन्त चिकित्सक, अनुवादक, पशु चिकित्सक, शेयर दलाल, सामान ढुवानीकर्ता तथा कम्पनी, कार्यक्रम संचालन गर्ने प्रा.लि., भु-सेवा प्रदान तथा परामर्श सेवा बिशेषज्ञ सेवा सम्वन्धि व्यवसाय | रु.२,५००।- |
| २ | कविराज, ओभरसियर, सव ओभरसियर तथा माथि उल्लेख भएदेखि बाहेकका विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा प्रवा गर्ने व्यवसाय | रु.२,०००।- |
| ३ | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायलाई निम्नानुसार वार्षिक | |
| | क) “घ” वर्गको निर्माण व्यवसायीलाइ व्यवसाय दर्ता शुल्क | ३५०० |
| | ख) व्यवसायको नामसारी र ठाउँसारी दस्तुर | १,५०० |
| | ग) घ बर्गको व्यवसायको प्रतिलिपीको दस्तुर | १००० |
| ४ | घ’ वर्गको निर्माण ईजाजत पत्र | १०००० |
| ५ | निजी जग्गामा डिपो संचालन अनुमति दर्ता प्रमाण पत्र लागि | ५००० |
| ६ | डिपो प्रतिलिपि दस्तुर | १००० |
| ७ | घ बर्गको इजाजत पत्र असोज मसान्त भित्र नविकरण गर्न आउँदा जरिवाना लाग्ने छैन, तत् पश्चात पुस समान्त भित्र नविकरण गर्न आउँदा नविकरण दस्तुरमा २५ प्रतिशत, चैत मसान्त भित्र नविकरण गर्न आउँदा नविकरण दस्तुरमा ४० प्रतिशत र असार मसान्त भित्र नविकरण गर्न आउँदा ५० प्रतिशत थप जरिवाना दस्तुर लाग्ने छ। | |
| (ख) दैनिक उपभोग्य खाद्यपदार्थ तथा सेवामुलक क्षेत्र | | |
| १ | रक्सी (मदिरा जन्य पदार्थ, चुरोट (सुर्ति जन्य पदार्थ) र सुर्ति जन्यपदार्थको कारोवार हकमानियमनतथा नियन्त्रण निर्देशिका अनुसार हुने वार्षिक<br>(अन्य कुनै निकाय बाट अनुमति लिनुपर्ने भए अनुमति लिई किराना सामान भन्दा अलग्गै व्यवस्थापन गरी सूर्तिजन्य पदार्थ (चुरोट, खैनि, गुट्खा) खुद्रा खरिद विक्री वितरण गर्ने गरी) | २००० |
| २ | दैनिक उपभोग्य खाद्यपदार्थ (किरानापसलतथाखुद्रापसल) तथालत्ता कपडा, चिया प्याकेजिङ,अण्डा बिक्रि, मसला खरिद बिक्री सम्वन्धि व्यवसाय | १५०० |
| ३ | मिनीमार्केट/ सुपरमार्केट/ डिपार्टमेण्टल स्टोर/खाद्य सप्लायर्स | २५०० |
| ४ | प्लाष्टिक सामान, स्टोभ, भाँडाकुँडा, कीचेन वेयर सामानविक्रेताको कारोबार गर्ने व्यवसाय | १२०० |
| ५ | जुत्ता, घडी, चश्मा, फेन्सी सामान, रेडिमेड, गीफ्ट सामान, कस्मेटिक सामानको कारोबार गर्ने व्यवसाय | १५०० |
| ६ | धुप,सलाई, तत्तसम्बन्धि, आइसक्रिम, कुल्फी, जुस आदिकारोबार गर्ने व्यवसायको खुद्राव्यापार | १५०० |
| ७ | ज्वेलरी(सुनचाँदी पसल), व्यवसाय | २५०० |
| ८ | ग्याँस डिपो खुद्राव्यवसाय | १५०० |
| ९ | मट्टितेल खुद्राव्यापार | १२०० |

| | | |
|---|---|---|
| १० | खेलौनाउपहार सामानविक्रिव्यवसाय | १२०० |
| ११ | सिरक, डस्ना मर्मत तथाबनाउने व्यवसाय | १५०० |
| १२ | व्यूटिपार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई पसल, टाटु स्टुडियो, सैलुङ्ग, ( कपाल काट्ने व्यवसाय | १५०० |
| १३ | सरसफाई कार्य गर्ने सामानखरिद बिक्रि(जस्तै- हपीक, फिनेल, सरफ, साबुन, स्याम्पु आदि) | १००० |
| १४ | फलफुल, जुस तथालस्सिको कारोबार गर्ने ब्यवसाय | १५०० |
| १५ | निर्माण सामाग्री (हाडवेर्यर) ब्यवसाय, | ५००० |
| १६ | निर्माण सामाग्री ब्यवसाय डिपो, (रोडा,ढुङ्गा, बालुवा, ईट्टा) | ५००० |
| १७ | रेण्टल सर्भिस तथा क्याटरिङ्ग सेवा, टेन्ट हाउस ब्यवसाय | १५०० |
| १८ | पार्टी प्यालेस सेवा | २५०० |
| १९ | पुजा सामाग्रि | १५०० |
| ग पर्यटन सेवा सम्वन्धि | | |
| १ | रेष्टुरा भोजनालय, मिठाई पसल सम्वन्धिकारोबार गर्ने ब्यवसाय | १५०० |
| २ | होटेल, लज | २५०० |
| ३ | चियापसल, भोजनालय, खाजा घर ब्यवसाय | १५०० |
| ४ | होम-स्टे | १००० |
| ५ | मोटेल, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ्ग, ग्लाइडिग, वाटर र ऱ्यफ्टिङ्ग, पानी ट्रेकिङ्ग पद यात्रा, हट एअर व्यालुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फकोर्स, पोलो, अश्वारोहण सम्वन्धि व्यवसाय | ७००० |
| ६ | टुर अपरेटर, टुरिष्ट गाईड, ट्राभर्ल्स एण्ड टुर्स, ट्रेकिङ्ग सम्वन्धि ब्यवसाय | १५०० |
| ७ | छात्राबास संचालन व्यवसाय | ३००० |
| घ. दुग्ध डेरी तथा बेकरी सम्वन्धि ब्यवसाय | | |
| १ | बेकरी व्यवसाय | १५०० |
| २ | बेकरी उत्पादन ब्यबसायतथातालिम संचालन ब्यवसाय | २००० |
| ३ | फलफुल, जुस तथा लस्सिको कारोबार गर्ने ब्यवसाय | १५०० |
| ङ मत्स्य तथा मासु जन्य ब्यापार | | |
| १ | पशु बधशाला | २५०० |
| २ | मासु (कुखुरा, राँगो, खसि) पसल ब्यवसाय | १५०० |
| ३ | माछा विक्री ब्यवसाय | १००० |
| च) कृषि तथा पशुपालन ब्यवसाय र भेटेरिनरी सम्वन्धि | | |
| १ | कृषि तथा पशु पालन ब्यवसाय (कृषि फर्म, गाई, बाखा, सुगुर पालन, कुखुरापालन, मत्स्यपालन फर्म, मौरी भेंडा, चौरी पालन, व्यवसाय आदी सँग सम्वन्धित) | १२०० |
| २ | कृषि सामग्री औजार, मल, विऊ दाना, चोकर, पशुंपक्षि आहारा उत्पादन) | १००० |
| ३ | कृषि उत्पादन (टंनेल खेति, कफि खेति, ओखर, किवी, तरकारी खेति लगायत कृषि उत्पादन सम्वन्धिी) ब्यवसाय | १००० |
| ४ | कृषि/फ्लोरिकल्चर, फूल तथा तरकारीका बिउ एवं विरुवा, नर्सरी ब्यवसाय | १५०० |
| ५ | एग्रोभेट ब्यापार ब्यवसाय | १५०० |
| छ) घरेलु उद्यम ब्यवसाय सम्वन्धि | | |
| १ | नाङ्लो, कुचो, डोको, च्वाफी/खरेटो, थुन्चे आदि उत्पादन तथा विक्री ब्यवसाय | १००० |
| २ | घरेलु अचार ,जाम आदि खाद्यान्न बस्तु उत्पादन तथा विक्री ब्यवसाय | ७०० |
| ३ | स्थानीय उत्पादन बाट प्रशोधनका लागि संचालन गरिने अन्य घरेलु ब्यवयास | ५०० |
| ४ | धुप, अगर बत्ति, तत्तसम्बन्धि, आइसक्रिम, कुल्फी, उत्पादन सम्वन्धि ब्यवसाय | ५०० |
| ५ | कागज तथा प्लाष्टिकको कपप्लेटउत्पादन ब्यवसाय | ५०० |
| ज) कुटानी पिसानी तथा पेलानी | | |
| १ | मसला कुटानी पिसानी ब्यवसाय | १२०० |

| | | |
|---|---|---|
| २ | खाद्यान्न कुटानी पिसानी,तेल मिल व्यवसाय | १५०० |
| २ | पानी घट्ट | १००० |
| झ) मनोरन्जन तथा खेलकुद सम्वन्धि व्यवसाय | | |
| १ | तेक्वान्डो, डोजो, तथा अन्य खेलहरुको प्रशिक्षण व्यवसाय | १५०० |
| २ | पुल हाउस | १५०० |
| ३ | फुट्सल व्यवसाय/व्यायाम व्यवसाय/ स्वीमिङ्ग पुल व्यवसाय | १५०० |
| ४ | सपिङ मल,मनोरन्जन स्थल, ,संग्रलय संचालन व्यबसाय, रेकर्डिङ्ग स्टुडियो | १५०० |
| ५ | बाद्यबादन, तबला, गीतार आदी संगीतिक पशिक्षण तथा सम्वन्धित सामान खरिद बिक्रि व्यवसाय | १००० |
| ६ | जिम, फिटनेश सेन्टर, नृत्य,संगीत प्रशिक्षण | १००० |
| ञ) संचार सेवा | | |
| १ | निजी क्षेत्रको टेलिफोन, फ्याक्स सेवा,संचार सम्बन्धि कार्यहरु र फोटो कपी व्यवसाय | १५०० |
| २ | मोवाइल फोन, आइ.एस.डी, इमेल, ईन्टरनेट, पेजीङ्ग सेवा, कम्पुटर, विक्री तथा मर्मत, एस.टी.डी.साथै इलेक्ट्रीकल सामान विक्री समेत व्यवसाय | १५०० |
| ३ | कुरीयर सेवा | १५०० |
| ४ | सफ्टवेयर संम्वन्धि कार्य , मोवाईल एप्लीकेशन, सोलार, वेबसाइट डिजाईन कार्य, सफ्टवेयर सम्वन्धि इलेक्ट्रोनिक्स सामान खरिद बिक्री डिजिटल मार्केटीङ व्यवसाय | २५०० |
| ५ | केबुल नेटवर्क सेवा | १५०० |
| ६ | संचार टावर | २५०० |
| ७ | छपाई तथा प्रकाशन /अनलाईन प्रकाशन, पत्रपत्रीका प्रकाशन, कागज खरिदबिक्री, अनलाईनसंग संम्बधित बिभिन्न कार्य । (अनलाईन सिनेमा भिडियो अनलाइन न्युज ,विभिन्न सामानहरु अनलाईन बाट खरिद विक्री व्यवसाय | १५०० |
| ८ | छापाखाना | १००० |
| ट) सवारी साधन र पार्ट पुर्जा व्यवसाय | | |
| १ | गाडी/मोटर भाडा सेवा (गाडी ढुवानी सेवा) | ३००० |
| २ | हेभी गाडीर लोडर ,स्क्याभेटर ,रो लर,बस , आदि प्रशिक्षणको | ४००० |
| ३ | लाईटगाडी (कार,भ्यान) र मोटरसाइकल प्रशिक्षणको | ५००० |
| ४ | कार,जिप,टेम्पु,,भ्यान तथा हल्का सवारी साधन खरिद विक्री वा सोरुम | ५००० |
| ५ | लोडर, टीपर, डोजर अन्य हेभी सवारी साधन खरिद विक्रि वा सोरुम वार्षिक एकमुस्त | ५००० |
| ६ | यातायात सेवा (बस,ट्रक)हेभी सवारी | ५००० |
| ७ | मोटरपार्ट ,लुब्रिकेन्ट, मोटरसाइकल पार्टस, व्याट्री तथा गाडी सामानहरुको खरिद विक्री,पार्टपुर्जाहरुको कारोबार, हेभि पार्टपुर्जाको व्यवसाय | २५०० |
| ८ | साईकल खरिद बिक्रि | १५०० |
| ९ | मोटर, मोटरसाईकल वर्कसप | १२०० |
| ठ) विद्युतिय सामान व्यवसाय | | |
| १ | रेफ्रिजेनेरेटर, जेनेरेट र , एअर कुलर, कोलरुम, कीचेन इक्युप्मेन्ट आदि उत्पादन साथै इलेक्ट्रो निक्स व्यवसाय समेत,(विद्युतिय सामानहरु) बार्षिक एकमुष्ट | ३००० |
| २ | कम्प्युटर, विद्युतिय सामान, क्यामरा, टि.भी, रेडियो, ,साउण्ड सिष्टम, सि. सि. टि भि आदि वार्षिक एकमुष्ट । | १५०० |
| ३ | फोटो स्टुडियो | १२०० |
| ४. | कम्प्युटर स्टिच्युट | १५०० |
| ५ | मेशिनरी औजार र सामानको खरिद बिक्री व्यवसाय | १५०० |
| (ड) वित्तीय सेवा | | |

| | | |
|---|---|---|
| १ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक , विकास बैंकको मुख्य कार्यालय | ५००० |
| २ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक,विकास बैंकको शाखा कार्यालय, (लघुबित्त बित्तिय संस्था (घ बर्ग को मुख्य कार्यालय) | ३००० |
| ३ | आर्थिक कारोबार गर्ने लघुबित्त बित्तिय संस्था (घ बर्गको शाखा कार्यालय | २५०० |
| ४ | वित्तीय कम्पनी शाखा कार्यालय (बैकहरु बाहेक) | २५०० |
| ५ | मनि ट्रान्स्फर रेमिटेन्स सेवा वार्षिक एकमुष्ट | २००० |
| ६ | बीमा कम्पनी (जीवन बिमा तथा निर्जिवन बिमा) मुख्य कार्यालयवार्षिक एकमुष्ट | २५०० |
| ७ | बीमा कम्पनी (जीवन बिमा तथा निर्जिवन बिमा) शाखा कार्यालयवार्षिक एकमुष्ट | २५०० |
| ८ | विदेशी मुद्रा सटही व्यवसाय | २००० |
| ९ | धितोपत्र कारोबार व्यवसाय | २००० |
| १० | सहकारी संस्था व्यवसाय | २००० |
| (ढ) स्वास्थ्य सेवा | | |
| १ | गैरसरकारी अस्पताल व्यवसाय | ४००० |
| २ | नर्सिङ्ग होम/पोलिक्लिनिक व्यवसाय | ३००० |
| ३ | क्लिनिक तथा ल्याव (संयुक्त)/फिजियोथेरापी, थर्मल थेरापी , वैकल्पिक उपचार योग प्रशिक्षण समेत | |
| | क) क्लिनिक सेवा | २५०० |
| | ख) ल्याव सेवा | २५०० |
| ४ | औषधी पसल (मेडिकल) / आयुर्वेदिक औषधि पसल | २००० |
| ५ | भेटनरी सेवा / पशु सम्बन्धी व्यवसाय | १५०० |
| ६ | सर्जिकल तथा हर्बल सम्बन्धि मेडिकल सामानखरिद विक्री व्यवसाय | १५०० |
| ७ | मेडिकल सम्बन्धि सामागी आपुर्ति तथा सामानखरिद विक्री व्यवसाय | १५०० |
| ८ | अक्सिजन सिलिण्डर ग्याँस खरिद विक्री व्यवसाय | १००० |
| ९ | एक्सरे,सिटिस्क्यान,एम आर आई आदि व्यवसाय | २००० |
| १० | स्वास्थ्य सम्बन्धि तालिमहरु संचालन व्यवसाय | १५००० |
| (ण) शिक्षा सेवा | | |
| १ | निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्व विद्यालयलाई निम्नानुसार हुनेछ | |
| | क)पूर्व आधारभूत स्कुल(प्रि स्कुल) धरौटी | २००० |
| | ख) पूर्व आधारभूत र आधारभूत तहलाई व्यवसाय | २५०० |
| | क) पूर्व आधारभूत विद्यालय अनुमति दस्तुर अनुमति/ सिफारिस दस्तुर को हकमा | ३००० |
| | ख) आधारभूत विद्यालयसम्म | ३५०० |
| | ग) माध्यामिक विद्यालय | ४५०० |
| | घ) विश्व विद्यालय (क्याम्पस/कलेज) | ५५०० |
| २ | तालिम तथा अनुसन्धान क्षेत्र,शिक्षा तालीम परामर्श,भाषा अनुवाद, शैक्षिक सेवा इष्टिच्यूट सम्वन्धि व्यवसाय | २५०० |
| ३ | कम्प्यूटरटाइपिङ्ग सेन्टर | १५०० |
| ४ | पत्रपत्रिका/पुस्तक, मसलन्द(स्टेशनरी, फोटोकपी) विक्रेता) माध्यमिक, | १५०० |
| ५ | पुस्तक, कापि, मसलन्द (स्टेशनरी सामान) खुद्रा खरिद विक्री व्यवसाय | १५०० |
| ६ | पत्रपत्रिका प्रकाशन तथा सम्प्पादन र बिबिध खेलकुद क्रियाकलापहरु संचालन गर्ने व्यवसाय | १५०० |
| ७ | अन्तरराष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था व्यवसाय | २५०० |
| त) मर्मत संभार तर्फ | | |

| | | |
|---|---|---|
| १ | मोटरसाइकल मर्मत कारखाना, गाडीहरु वासिङ्ग तथा डेन्टपेन्ट, टायर मर्मत तथा गाडि सम्बन्धि सम्पुर्ण मर्मत व्यवसाय | ४००० |
| २ | रेफ्रिजेरेटर, जेनेरेटर, एअर कुलर, मोटर रिवाइण्डिङ्ग,ईलेक्टोनिक्स सामान आदि मर्मत मर्मत व्यवसाय | १२०० |
| ३ | साइकल, रिक्सा मर्मत व्यवसाय | १५०० |
| ४ | रेडियो, टि.भि. घडी प्रेशर कुकर, हिटर टेलिफोन सेट, कम्प्युटर, मोबाइल पार्ट, सोलार सम्बन्धि मर्मत तथा साँचो (चाबि) बनाउने समेत | १५०० |
| थ) वन वातावरण सम्वन्धि | | |
| १ | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गैरहेका माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग, धातुजन्य बिबिध बस्तु उत्पादन व्यवसाय | १५०० |
| २ | फोहोर मैला व्यवस्थापन/वातावरण संरक्षण सम्वन्धी संस्था तथा व्यवसाय | ५०० |
| ३ | पुरानो कवाडीको सामान संकलन तथा विक्री व्यवसाय | १००० |
| (द) अन्य सेवा तथा व्यवसाय | | |
| १ | विज्ञापन सेवा | ५०० |
| २ | बैदेशिक रोजगार सेवा | २००० |
| ३ | स्वदेशी रोजगार सेवा | १००० |
| ४ | सेक्रेटरियल तथा सेक्युरिटी सेवा | १००० |
| ५ | क) हाउजिङ्ग कम्पनी (घरजग्गा एजेन्ट) | १५०० |
| | ख) घरजग्गा खरिद बिक्री (रियलस्टेट) | ३००० |
| ६ | कार्गो व्यवसाय, क्लियरिङ्ग, सिपिङ्ग तथा फर्वाडिङ्ग,यातायात बाट तत्सम्बन्धि सहायक सेवा समेतको व्यवसाय | ३००० |
| ७ | साइनबोर्ड बनाउने तथा पेन्टीङ्ग सेवा | १००० |
| ८ | वाटर प्रफिङ्ग तथा रंगरोगन व्यवसाय | १५०० |
| ९ | शिशा पसल विक्रेता व्यवसाय | १५०० |
| १० | फर्निसिङ्ग सामानहरुको खरिद विक्री,फ्लोरिङ्ग सम्बन्धि व्यवसाय | २००० |
| ११ | स्टील तथा काठको फर्निचर विक्री व्यवसाय | २००० |
| १२ | काठ उद्योग कारखाना (फर्निचर उत्पादन) व्यवसाय(अन्य निकायहरु बाट स्वीकृती लिनु पर्ने भए स्वीकृति लिई मात्र व्यवसाय दर्ता गरिने) | २००० |
| १३ | सम्मेलन,गोष्ठी,सेमिनार,तालिम संचालन व्यबसाय | १५०० |
| १४ | चस्मा पसल | १५०० |
| १५ | छापाखाना, छपाई कार्य ,पुस्तक छपाई प्रकाशन, जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय फोटोग्राफी, प्रयोगशाला,वाइप पेपर (मुख पुछ्ने कागज)हवाईसेवा, शीत भण्डार आदि तथा, आर्ट, व्यानर, फ्लेक्स वनाउने व्यवसाय | १५०० |
| १६ | बिबिध एजेन्सी तथा सेवा प्रदायक व्यवसाय | २५०० |
| १७ | हस्तकला/हयाण्डीक्राफ्ट/पस्मिनार कपडा उद्योग, डल, कुसन,बाँसका सामान उत्पादक | १००० |
| १८ | प्लम्विङ्ग / पाईप / पेन्टिङ्ग / इले क्ट्रीक सर्भिस व्यवसाय | १००० |
| १९ | दाउरा खरिद बिक्रि व्यवसाय | १००० |
| २० | धातुको मुर्ति बनाउने, एक्वरियम व्यबसाय | १५०० |
| २१ | ड्राइभिङ सेन्टर | १५०० |
| ध) उद्योग व्यापार व्यवसाय कर | | |
| १ | पुस्तक,कापि, मसलन्द (स्टेशनरी सामान) खुद्रा खरिद विक्री, उत्पादन तथा उद्योग | १५०० |
| २ | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसाय(निजी स्तरबाट संचालित खानेपानी व्यवसाय समेत) नयाँ अनुमतिका सम्वन्धमा प्रचलित कानून अनुसार हुने गाउँपालिका क्षेत्रबाट खनिज पदार्थको रुपमा व्यवसायिक प्रयोजनार्थ खानेपानी विक्री गर्ने व्यवसायीहरुबाट निम्नानुसार खा.पा. सेवा शुल्क लिन | नयाँ अनुमति रु २५०० |

| | | |
|---|---|---|
| ३ | क) २००० लि सम्म प्रति ट्रिप रु. २५।- | पानी प्रति व्यवसायी मासिक २०० |
| | ख) २००० देखि ६००० लि. सम्म प्रति ट्रिप रु.५०।- | १२००० लि. क्षमताको प्रति ट्यांकर मासिक रु १५०० |
| | ग) ६००० लि. भन्दा माथी प्रति ट्रिप रु. १००।- | २००० |
| ४ | मुलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय | ३००० |
| ५ | विभिन्न सामानहरु आयात,निर्यात तथा सप्लायर्स गर्ने उद्योग व्यवसाय (नेपाल सरकारबाट प्रतिवन्धित गरेको सामान बाहेक) साथै कार्पेट उद्योग (गलैचा) | २५०० |
| ६ | जुत्ता चप्पल,ब्याग, लुगा, कपडा,तथा अन्य दैनिक सामान उत्पादन गर्ने उद्योग | २००० |
| ७ | वेल्डीङ्ग व्यवसाय/ग्रील उद्योग | २५०० |
| ८ | आल्मुनियम फेब्रीकेशन, युपिभिसी व्यवसाय | २००० |
| ९ | दैनिक उपभोक्ता तथा खाद्य पदार्थ उत्पादन गर्ने उद्योग | १५०० |
| १० | सिमेन्ट रेलिङ्ग, सिमेन्ट ब्लक, हलो ब्रिक, इनारको रिङ्ग आदि उद्योग | २५०० |
| (न) अस्थायी हाट बजार वा घुम्ती पसल वा यस स्थानीय तह बाट विक्रिको लागि व्यापारिक प्रयोजनका लागि अन्यत्र लैजाँदा | | |
| १ | घुम्ती (मोबाइल) पसल दैनिक | ५० |
| २ | राँगो, भैसी (प्रति गोटा) | १०० |
| ३ | खसी, बोका, भेडा, च्याँग्रा आदि (प्रति गोटा) | १०० |
| ४ | हाँस, कुखुरा आदि (प्रति गोटा) | ५ |
| ५ | सागसब्जी, फलफूल पसल -दैनिक रु. | २०० |
| ६ | अन्य अस्थायी तथा घुम्ती पसल (दै निक रु | ५०० |
| ७ | औद्योगिक, व्यापारिक/पर्यटकिय मे ला दैनिक (मेला सम्पन्न भए पछि आयोजक पक्षले पूर्ववत अद्यावधिक गर्नु पर्नेछ। ) | ५०० |
| ८ | व्यापार प्रवर्द्धनका लागी राख्ने व्यापारीक स्टल दैनिक | १००० |
| ९ | माथि उल्लेखित प्रकृति, उपभोक्ता शिर्षकमा नपरेको व्यवसाय र उधोग दर्ता हुन आएमा व्यावसाय र उधोगको किसिम हेरी माथिको कर दरमा नघटनेगरि वार्षिक कर लिई व्यावसाय प्रमाणपत्र दिईनेछ। | १००० |
| १० | ब्यवसायिक फर्म नामसारी गर्दा तिन पुस्तेभित्र रु २५० र सो भन्दा बाहिर नामसारी गर्दा रु १०००। | |
| ११ | मथि उल्लेखित शिर्षक मध्ये नसमेटिएको कुनै पनि बस्तु तथा सेवाहरुको सप्लायर्स ब्यवसाय | रु २००० |
| (प) सामाजिक क्षेत्र | | |
| १. उपभोक्ता समिति दर्ता | | १५०० |
| २. विभिन्न प्रकृतिका समुहहरु | | १५०० |
| ३. टोल सुधार समितिहरु | | १५०० |
| ४. खानेपानी मुहान दर्ता शुल्क | | १५०० |
| सामाजिक क्षेत्र संग सम्वन्धित समुह, समितिहरुको नविकरणका लागि दर्ता शुल्कको ५० प्रतिशत रकम लाग्नेछ। | | |
| मथि उल्लेखित प्रकृतिका "घ" श्रेणिको इजाजत पत्र, ब्यवसायिक फर्म, समुह, समितिहरु असोज मसान्त भित्र नविकरण गर्न आउँदा जरिवाना लाग्ने छैन, तत् पश्चात पुस समान्त भित्र नविकरण गर्न आउँदा नविकरण दस्तुरमा २५ प्रतिशत जरिवाना, चैत मसान्त भित्र नविकरण गर्न आउँदा नविकरण दस्तुरमा ४० प्रतिशत जरिवाना र असार मसान्त भित्र नविकरण गर्न आउँदा ५० प्रतिशत थप जरिवाना दस्तुर लाग्ने छ। | | |

## अनुसूचि-४

**(दफा ५ सँग सम्बन्धित)**

यस गाउँपालिका क्षेत्र भित्र ब्यापार ब्यवसाय गर्ने ब्यवसायहरुको पुंजी खुलाई वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा तपसिल बमोजिम दररेट तोकिएको ।

| क्र.सं. | विवरण | आ.व ०८१।०८२ को लागि स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|
| १. | १ लाख १ देखि ५ लाख सम्म | रु.२००।- | |
| २. | ५ लाख १ देखि १० लाख सम्म | रु.४००।- | |
| ३. | १० लाख १ देखि २० लाख सम्म | रु.५००।- | |
| ४. | २० लाख १ देखि ३० लाख सम्म | रु.७००।- | |
| ५. | ३० लाख १ देखि ५० लाख सम्म | रु.९००।- | |
| ६. | ५० लाख १ देखि ८० लाख सम्म | रु.१,०००।- | |
| ७. | ८० लाख १ देखि १ करोड सम्म | रु.१५००।- | |
| ८. | १ करोड १ देखि माथी | प्रति १ लाखमा रु. ४०। | |

## अनुसूचि- ५

(दफा ६ सँग सम्बन्धित_

| सवारी दर्ता वार्षिक सवारी कर | | आ.व ०८१।०८२ को लागि प्रस्तावित दररेट |
|---|---|---|
| दर्ता तथा संचालन इजाजत दस्तुर | | |
| १ | ठेलागाडा, रिक्सा, अटो रिक्सा तथा ई रिक्सा आदि दर्ता शुल्क | रु.३०। |

## अनुसूची - ६

(दफा ७ सँग सम्बन्धित)

| सि. न. | राजस्वको क्षेत्रहरु | आ.व ०८१।०८२ को लागि प्रस्तावित दररेट |
|---|---|---|
| १ | व्यवसायको नाम ठेगाना भएको साईन बोर्ड प्रति वर्ग फुट | रु. २०। (बीस) (जनजातीहरुको मातृ भाषा सहितको लेखेकोलाई ५० प्रतिशत छुट) |
| २ | व्यवसायको नाम ठेगाना भएको विद्युतिय साईन बोर्ड प्रति थान | रु. ५००। |
| ३ | होर्डिङ्ग बोर्ड (साधारण प्रति वर्ग फूट/प्रति वर्ष | रु. ५०। नेपाल सरकार, शिक्षा, स्वस्थ्य, वातावरण संरक्षण र जनचेतनामुलक सन्देशहरु सार्वजनिक आवागमनमा बाधा नपर्ने गरी पूर्व अनुमति लिई मात्रा राख्नु पर्ने छ । |

## अनुसूचि - ७

(दफा ८ सँग सम्बन्धित)

| सि न. | राजस्वको क्षेत्रहरु | आगामी आ.व ०८१।०८२ को लागि प्रस्तावित दररेट |
|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन हल, थिएटर संगीत तथा मनोरञ्जन, पिकनिक स्थल, प्रदर्शन स्थल स्वीमिङ्ग पुल,फनपार्क आदिको प्रति व्यक्ति प्रवेश शुल्कमा | ३.०० |
| २ | जादु, सर्कस, चटक आदिमा प्रति दिन | रु.३००। |
| ३ | व्यवसायिक भिडियो प्रति भिडियो | रु.२००। |
| ४ | पार्क, पिकनिक स्थल आदि वार्षिक एकमुष्ट | रु.२,०००। |

## अनुसूचि - ८
(दफा ९ सँग सम्बन्धित_

| सि. न. | राजस्वको क्षेत्रहरु | आ.व ०८१।०८२ को लागि प्रस्तावित दररेट |
|---|---|---|
| १ | बहाल विटौरी शुल्क | आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफूट दैनिक बहाल विटौरी रु.०।५० (पचासपैसा मात्र) का दरले लाग्नेछ । |
| | | व्यवसायिक प्रयोजनका लागि विज्ञापन सहित स्टल राखेमा ६ (छ) वर्ग मि. सम्म प्रति स्टल दैनिक रु. १,०००/- र सो भन्दा माथि प्रति वर्ग मि. थप रु. १००/ |

## अनुसुची ९
(दफा १० सँग सम्बन्धित)

| सि. न. | राजस्वको क्षेत्रहरु | आगामी आ.व ०८१।०८२ को प्रस्तावित दररेट |
|---|---|---|
| १ | गाउँपालिकाले आफुले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका वस, मिनिवस, ट्रक, कार जीप, भ्यान, ट्याक्टर आदि पार्किङ्ग गर्दा पार्किङ्ग शुल्क | प्रति घण्टा रु.१०।<br>दैनिक रु. ३०। |
| २ | माथि उल्लेख भए बाहेक अन्य सवारी साधनमा पार्किङ्ग शुल्क वापत | प्रति घण्टा रु.१०। |

## अनुसुची १०
(दफा ११ सँग सम्बन्धित)

दस्तुर:तर्फ:

| **सि.नं.** | **विषय** | **विवरण** | आगामी आ.व ०८१।०८२ को प्रस्तावित दररेट | **कैफियत** |
|---|---|---|---|---|
| १ | घर जग्गा सम्बन्धि सिफारीस | १.१ मोही नामसारी तथा मोही बाँडफाँड सिफारीस प्रति रोपनी | २०० | १० रोपनी भन्दा माथि प्रति रोपनी थप रु. ५०। |
| | | १.२ जग्गा नामसारी सिफारीस | ५०० | १० रोपनी भन्दा माथि प्रति रोपनी थप रु. ५०। |
| | | १.३ मोही लगत कट्टा सिफारीस | ५०० | १० रोपनी भन्दा माथि प्रति रोपनी थप रु. ५०। |

| | | | | |
|---|---|---|---|---|
| | | १.४ अपुताली सिफारीस दस्तुर | १५०० | १० रोपनी भन्दा माथि प्रति रोपनी थप रु. ५०। |
| | | १.५ चार किल्ला सिफारीस ५ रोपनी सम्मको ) | ५०० | ५ रोपनी भन्दा माथि प्रति रोपनी थप रु. ५०। |
| | | १.६ सिफारिसका लागि निवेदन दस्तुर | १० | |
| | | १.७ पक्की घर प्रमाणीत | १००० | |
| | | १.८ कच्ची घर प्रमाणीत | ५०० | |
| | | १.९ बसोवास प्रमाणीत | २०० | |
| | | १.१० व्यवसायिक घर कोठा खोल्ने | १००० | |
| | | १.११ आवासिय घर कोठा खोल्ने , घर नामसारी | १००० | |
| | | १.१२ हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | ५०० | |
| | | १.१३ उद्योग सम्वन्धि घरमा आगलागि ( गा.पा.मा दर्ता भएका) | निशुल्क | |
| | | १.१४ साना घरेलु उद्योगमा आगलागि सिफारिस | | वीमा प्रयोजनका लागि १०००।, अन्यका लागि निशुल्क |
| | | १.१५ मझौला उद्योगमा आगलागि सिफारीस | | वीमा प्रयोजनका लागि १५००।, अन्यका लागि निशुल्क |
| | | १.१६ ठूला उद्योगमा आगलागि सिफारीस | | वीमा प्रयोजनका लागि २०००।, अन्यका लागि निशुल्क |
| | | १.१७ सर्वसाधारणको घर टहरामा आगलागि सिफारीस | निशुल्क | |
| | | १.१८ नक्सा पास किताव दस्तुर | १००० | |
| | | १.१९ संघसंस्थाको बैक खाता खोल्दा | ३०० | |
| | | १.२० सबै किसिमका फारम दस्तुर | १० | राजश्वका फारमहरु निशुल्क पाईने र निशुल्क भरीने (को लागि मात्र) |
| | | १.२१ नाम, उमेर थर लगायत संसोधन | १०० | विद्यार्थिको प्रमाणपत्र सच्याउने हकमा पचास प्रतिशत छुट |
| | | १.२२ पक्की घर कायम सिफारीस | १००० | एक हजार बर्गफिट भन्दा माथिको हकमा प्रति वर्ग फुट रु १ प्रराम्भ देखी |
| | | १.२३ टिनको छाना भएको कच्ची घर कायम सिफारीस | ४०० | |
| | | १.२४ कच्ची घर सिफारीस | २०० | |
| २ | **नागरीकतासँग सम्बन्धित** | २.१ नागरीकता प्रमाणपत्र सिफारीस ( बंशजका आधारको लागि ) | 100 | |
| | | २.२ नागरीकता सर्जिमिन | 500 | |
| | | २.३ नागरीकताको प्रतिलिपी | 500 | |
| | | २.४ अंगीकृत नागरीकता | 1000 | |
| | | २.५ बैवाहीक अंगीकृत नागरकिता सिफारीस | 1000 | |
| | | २.६ नावालक परिचय पत्र सिफारिस | lgzNs | |

| | | | | |
|---|---|---|---|---|
| ३ | पंजिकरणसँग सम्वन्धि प्रमाणीत सिफारीस | ➢ ३.१ विवाह प्रमाणीत | 200 | अंग्रेजीमा ५०० |
| | | ➢ ३.२ जन्म प्रमाणीत | 200 | अंग्रेजीमा ५०० |
| | | ➢ ३.३ मृत्यु प्रमाणीत | 200 | अंग्रेजीमा ५०० |
| | | ➢ ३.४ बसाईसराई प्रमाणीत | 400 | अंग्रेजीमा ५०० |
| | | ➢ ३.५ अविवाहीत प्रमाणीत/ जिबीत प्रमाणित | 200 | अंग्रेजीमा ५०० |
| ४ | व्यक्तिसँग सम्वन्धित सिफारीस | ➢ ४.१ चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोवास भएका लागी | 300 | उल्लेखित सिफारीसमा सर्जमिन गर्न परेमा सो को दस्तुर पुन छुटै लाग्ने छ । ४.७ को हकमा उद्योग वाणिज्य संघको तथा वडा कार्यालयको सिफारिस आवश्यक रहने |
| | | ➢ ४.२ चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस | 510 | |
| | | ➢ ४.३ नेपाली पेन्सन पट्टा बहाकका लागि गरेको जुनसुकै सिफारीस | 300 | |
| | | ➢ ४.४ भारतिय पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | 1000 | |
| | | ➢ ४.५ अन्य देशका पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | 1500 | |
| | | ➢ ४.६ बैदेशिक रोजगारीको सिलसिलामा मृत्य भएको व्यक्तिको सिफारीस | lgzNs | |
| | | ४.७ व्यवसाय बन्द सिफारीस | 500 | |
| | | ➢ ४.८ पसल कोठा आगलागि भएमा विमा बापत सिफारीस | lgzNs | |
| | | ➢ ४.९ नाता प्रमाणीत नेपालीमा | 500 | |
| | | ➢ ४.१० नाता प्रमाणीत अंग्रेजीमा | 500 | |
| | | ➢ ४.११ नम्वरी जग्गाको रुख काट्ने सिफारीस (व्यवसायिक प्रयोजन) | 1000 | १ भन्दा बढी रुख भए प्रति रुख ५००। |
| | | ➢ ४.११.१ नम्वरी जग्गाको रुख काट्ने सिफारीस | 500 | १ भन्दा बढी रुख भए प्रति रुख ३००। |
| | | ४.१२ विदेश जाने कागजातको प्रमाणित प्रति पाना (पराराष्ट मन्त्रालयको प्रयोजनका लागि) | 500 | |
| | | ४.१३ सहुलियत काठको सिफारीस | 2000 | |
| ५ | **माग निवेदनका आधारमा जग्गा छुट्याउने काम (अमिनद्वारा)** | ५.१ ५ रोपनी सम्मको लागि | 1000 | |
| | | ५.२ ६ देखि १० रोपनी सम्मको लागि | 1500 | |
| | | ५.३ १५ रोपनी देखि २५ रोपनी सम्मको लागि | 1500 | |
| | | ५.४ २५ रोपनी देखी ५० रोपनी सम्मको लागी | 5000 | |
| | | ५.५ ५० रोपनी देखी माथि को लागि | 10000 | |
| | | ५.६ घर बनाउदा किचलो परी जग्गा छुट्याउदा | 1500 | |
| ६ | **उद्योग दर्ता सिफारीस** | ६.१ चाउचाउ उद्योग/ सिन्के चाउचाउ | १००० | उल्लेखित उद्योग दर्ता सिफारिसमा लाग्ने दस्तुरको ५० प्रतिशत नविकरण सिफारिस दस्तुर लाग्ने छ । |
| | | ६.२ विस्कुट उद्योग | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | | ६.३ चप्पल उद्योग | १000 | |
| | | ६.४ सलाई उद्योग | १000 | |
| | | ६.५ प्लाई उड उद्योग | १000 | |
| | | ६.६ कपडा उद्योग | १000 | |
| | | ६.७ बरफ उद्योग | ५00 | |
| | | ६.८ कन्फेसनरी उद्योग | ५00 | |
| | | ६.९ काष्ठ उद्योग | १000 | |
| | | ६.१० सह मिल सहितको काष्ठ उद्योग फर्निचर समेत | १000 | |
| | | ६.११ फर्निचर मात्र | १000 | |
| | | ६.१२ ग्यारेज | १000 | |
| | | ६.१३ पेट्रोल पम्प | १000 | |
| | | ६.१४ मट्टितेल डिलर | १000 | |
| | | ६.१५ स्टेशनरी वा कपी उद्योग | १५00 | |
| | | ६.१६ डिस्टीलरी वा ब्रुअरी उद्योग | १000 | |
| | | ६.१७ हल्का पेय जुस पदार्थ उद्योग | २000 | |
| | | ६.१८ प्लास्टीक उद्योग | ५000 | |
| | | ६.१९ पाउरोटी, केक, दुनट उद्योग | २000 | |
| | | ६.२० ग्रील उद्योग | ५000 | |
| | | ६.२१ गलैचा उद्योग | ५000 | |
| | | ६.२२ गार्मेन्ट उद्योग | ३000 | |
| | | ६.२४ भुजीया उद्योग | १५00 | |
| | | ६.२५ ईटा तथा टायल उद्योग आधुनीक भट्टा जडित (प्रदुषण शुल्क समेत) | ३0000 | |
| | | ६.२६ ईटा तथा टायल आधुनीक यन्त्र जडान नगरीएको | ३५000 | |
| | | ६.२७ मिनिरल वाटर उद्योग | ५000 | |
| | | ६.२८ तामा, पित्तल, फलाम, आल्मुनीयम जस्ता धातु उद्योग (घरेलु) | 4000 | |
| | | ६.२९ अफसेट प्रेश | 2500 | |
| | | ६.३० प्रेश बाहेक प्रिन्टिङ्ग तथा लेवल उद्योग | 1000 | |
| | | ६.३१ जुट उद्योग | 1000 | |
| | | ६.३२ कुटानी पिसानी दुई भन्दा बढि प्रकारका काम गर्ने ठूला उद्योग | 200 | |
| | | ६.३३ सस, अचार उद्योग | 200 | एक भन्दा बढि भए प्रति गोटा थप रु ५00। |
| | | ६.३४ सिमेन्टका पाईप तथा पोल उद्योग | 5000 | |
| | | ६.३५ बेतबाँसको फर्निचर उद्योग | 500 | |
| | | ६.३६ लुब्रिकेन्डस उद्योग | 2000 | |
| | | ६.३७ प्लटिङ ब्यावसाय ५ रोपनी सम्म/ ६ देखि १५ रोपनी सम्म/१६ देखि माथि | 1000•/२000/५000 | |
| | | ६.३८ माथि उल्लेख नगरिएका उद्योगको हकमा निरीक्षण गरि | 600 b]v 2000 ;Dd | |

| | | | | |
|---|---|---|---|---|
| | | ६.३९ खानेपानी उद्योग | 2500 | |
| ७ | निजी शिक्षण संस्था दर्ता एबम् अन्य कामका लागि गरीने सिफारीस | ७.१ आधारभुत विद्यालय दर्ता तथा सिफारिस | 1000 | |
| | | ७.२ माध्यमिक विद्यालय | 1250 | |
| | | ७.३ क्याम्पस | 2000 | |
| | | ७.४ प्राविधिक शिक्षण संस्था | 1000 | |
| | | ७.५ स्तर बृद्धीका लागि सिफारीस | 500.00 k|t lj ifo | |
| ८ | सम्पत्ति क्षमता मुल्याँकन प्रमाणित (विक्री, ऋण र वैदेशिक रोजगारका लागिप्रयोजनको लागि) | रु.१० लाख सम्म | २०००।०० | |
| | | रु.२० लाख सम्म | ३,५००।०० | सम्पत्तिकरको प्रति रोपनी, अन्य सम्पत्ति मुल्याङकनलाई आधार बनाइ |
| | | रु.३० लाख सम्म | ४,५००।०० | |
| | | रु.४० लाख सम्म | ५,५००।०० | |
| | | रु.५० लाख सम्म | ६५००.०० | |
| | | रु.५० लाखभन्दा बढी प्रत्येक ५ लाखमा | रु १००० का दरले थप | |
| | | १०.१ १००० बर्गफूट सम्म नक्सा पास गर्दा प्रतिवर्गफूट | 3.5 | |
| ९ | घर नक्सा पास दस्तुर | १०.२ १००० बर्गफूट माथि २००० सम्मको लागि प्रतिवर्गफूट | 4.5 | क) पटक-पटक गरी नक्सा पास गर्नेका हकमा कुल क्षेत्रफलका आधारमा कुनवर्गमा पर्ने हो सो निर्धारण गरी सोही वर्गको कर लिईने छ । |
| | | १०.३ २००० माथि२५०० बर्गफूट सम्मको लागि | 5.5 | ख) नक्सा संसोधन गर्दा कूल बुझाउनु पर्ने दस्तुर थप ३० प्रतिशत दस्तुर लिईने छ । |
| | | १०.४ २५०० बर्गफूट देखी ४००० बर्गफुट सम्मको लागि | 6:50 | |
| | | १०.५ ४००० बर्गफुट भन्दा माथि जतिसुकै भएपनि | 7:50 | |
| | | १०.६ पर्खाल प्रति रनिङ्ग फिट | 1 | |
| | | १०.७ काठको घर वा टाँडे कच्ची घर | 100 | |
| | | १०.८ भुँईतलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको | 500 | |
| | | १०.१ १००० बर्ग फूट सम्म नक्सा पास गर्दा | १२०० | |
| 10 | घर नक्सा अभिलेखिकरण जरिवाना दस्तुर | १०.२ १००० बर्गफूट माथि २००० सम्मको | १८०० | गाउँपालिका घोषणा भए पश्चात नक्सापास नगरी निमार्ण भएका घरहरुको हकमा अभिलेखिकरण गर्दा लाग्ने जरिवाना दस्तुर । |
| | | १०.३ २००० माथि २५०० बर्गफूट सम्मको लागि | २५०० | |
| | | १०.४ २५०० बर्गफूट देखी ४००० बर्गफुट सम्मको लागि | ३००० | |
| | | १०.५ ४००० बर्गफुट भन्दा माथि जतिसुकै भएपनि | ४००० | |
| | | १०.६ काठको घर वा टाँडे कच्ची घर | | |
| | | १०.७ भुँईतलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको | | |
| ११ | घर नक्सा नामसारी सिफारिस | ११.१ १००० वर्गफिट सम्मको घर नक्सा नामसारी | 1500 | क) घर जग्गा धनीको मृत्यु भई प्रचलित कानून बमोजिम एका |

| | | | | |
|---|---|---|---|---|
| | दस्तुर | ११.२ १००० देखी माथि२००० वर्गफूट सम्मको घर नक्सा नामसारी | 3000 | सगोलका परीवारमा नामसारी गर्नु पर्दा १००० बर्गफिट सम्मको घरमा रु. १०००। सो भन्दा माथि जतिसुकै भए पनि रु.२५००। लिईने छ। |
| | | ११.३ २००० देखी माथि ३००० वर्गफूट सम्मको घर नक्सा नामसारी | 4500 | |
| | | ११.४ ३००० देखी माथि ४००० बर्ग फीट सम्मको | 6000 | |
| | | ११.५ ४००० देखी माथि ५००० बर्गफिट सम्मको | 8000 | |
| | | ११.६ ५००० बर्गफिट भन्दा माथि प्रति बर्ग फिट बराबर | k\|t ju{lkm^ ?=2=00 | |
| | | १२.१ घर नक्सा निरीक्षण दस्तुर | 1000 | |
| १२ | घर निमार्ण क्षेत्र रेखांकन, निरीक्षण लगायतका दस्तुर | | 500 | गाउँपालिकाले भवन संहिता लागू गरे पछि वा सो पूर्व परामर्शदाता वा छुट्टै कर्मचारीबाट नक्सा र निर्मित घरको भेरीफीकेशन, संहिता पालना का विषयमा फिल्डमा सहजिकरण गरेवापत छुट्टै तोकिएको दस्तुर लाग्नेछ। |
| | | | 500 | |
| | | १३.१ कच्ची घरमा विद्युत जडान सिफारीस | | |
| | | १३.२ टिनको छाना भएको कच्ची घर विद्युत जडान सिफारिस | 100 | |
| | | १३.३ पक्की घरमा विघुत जडान सिफारीस | 500 | |
| | | १३.४ थ्रिफेज लाईन जडान सिफारीस | 2000 | |
| | | १३.५ खानेपानीको धारा जडान | 200 | |
| | | १३.६ संस्था दर्ता सिफारीस | 1000 | |
| | | १३.७ सिनेमा हल खोल्ने सिफारीस | 15000 | |
| | | १३.८ मेला सर्कस अनूमति सिफारीस | Goÿtd Ps lbg ;Ddsf] ? 3000 / yk k\|tbLg ? 2000.00 | |
| | | १३.९ टेलीफोन जडान सिफारीस | 200 | |
| १३ | **अन्य सिफारिस दस्तुर** | १३.१० रिक्सा ठेला दर्ता, नविकरण तथा नामसारी दस्तुर | 200 | |
| | | १३.११ जुनसुकै प्रकारका सरजमिन | 1000 | |
| | | १३.१२ माथि उल्लेख नभएका दस्तुरको हकमा | 500 | |
| | | १३.१३. गाउँपालिका बाट सम्पन्न गरिने योजनाहरुको वडा कार्यालय बाट गरिने सिफारिस दस्तुर निम्नानुसार तोकिएको छ।<br>क) योजना रु. ५००।<br>ख) संघीय सरकार तथा प्रदेश सरकार बाट कार्यान्वयन हुने योजनाहरुको हकमा वडा कार्यालय बाट सिफारिस दस्तुरमा १० लाख सम्मको रु २००। र सो भन्दा माथिको योजना सिफारिस दस्तुरमा रु ५००। | | |
| | | १४.१ नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | | 1500 |
| १४ | **प्रतिलिपी सिफारिस** | १४.२ घरको नक्साको प्रतिलिपी | 2000 | |

| | | | | |
|---|---|---|---|---|
| | | १४.३ व्यवसाय प्रमाणपत्रको प्रतिलिपी | 500 | |
| | | १४.४ अन्य प्रमाण-पत्र | 200 | |
| | | १४.५ प्रमाणपत्र बाहेक अन्यको प्रतिलिपी प्रतिपाना | 5 | |
| | | १४.६ मालपोत तथा सम्पती कर तिरेको रसिदको प्रतिलीपी | 50 | |
| १५ | घर तथा बाटो प्रमाणीत गरीने सिफारीस (अंश वण्डा हकजोड्ने, परिवार भित्रमा नामसारी, बकस, दाईजो तथा बैकिङ प्रयोजनको हकमा ) | ५ रोपनी सम्मको क्षेत्रफलमा मुल कच्चि मो.बा.ले छोएको | ३०० | |
| | | ६ रोपनि देखि १५ रोपनि सम्म को क्षेत्रफलमा मुल कच्चि मो.बा.ले छोएको | ५०० | |
| | | १६ रोपनि देखि माथि सम्म को क्षेत्रफलमा मुल कच्चि मो.बा.ले छोएको | ७०० | |
| | | ५ रोपनी सम्मको क्षेत्रफलमा मुल मुल पिच मोटर वाटोले छोएको वडा नं २, ३, ४, ५, ६ | ५०० | |
| | | ६ रोपनी देखि १५ रोपनी सम्मको क्षेत्रफलमा मुल मुल पिच मोटर वाटोले छोएको वडा नं २, ३, ४, ५, ६ | ७०० | |
| | | १६ रोपनी देखि माथि सम्मको क्षेत्रफलमा मुल मुल पिच मोटर वाटोले छोएको वडा नं २, ३, ४, ५, ६ | १२०० | |
| | | १० रोपनी सम्मको क्षेत्रफलमा गोरेटो वाटोले छोएको | १०० | |
| | | ११ रोपनी देखि माथि सम्मको क्षेत्रफलमा गोरेटो वाटोले छोएको | २०० | |
| | | ५ रोपनि सम्म कच्चि मोटर वाटोले छोएको (भित्री) | ५०० | |
| | | १० रोपनि देखि माथि सम्म कच्चि मोटर वाटोले छोएको (भित्री) | १००० | |

अनुसूची - ११
(दफा १२ सँग सम्बन्धित)

| सि.न. | राजस्वको क्षेत्रहरु | आगामी आ.व ०८१।०८२ को प्रस्तावित दररेट |
|---|---|---|
| १ | पर्यटन प्रवेश शुल्क (प्रति व्यक्ति) | |
| | अ) सार्क मूलुकका पर्यटकका लागि (नेपाल बाहेक) | रु.१००।- |
| | आ) अन्य मूलुकका पर्यटकका लागि | रु.२००।- |

अनुसूची - १२
(दफा १३ सँग सम्बन्धित)

## सहकारी सम्बन्धि व्यवस्था

१. लेखा परिक्षण प्रतिवेदन, साधारण सभाको निर्णयको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि प्रत्येक आ.ब. को माघ मसान्त भित्र बुझाएमा कुनै जरिवाना लाग्ने छैन ।

२. लेखा परीक्षण प्रतिवेदन तयार भई साधारण सभा अनुमोदन समेत गरेको, कर चुक्ता भएको तर विवरण नबुझाउने संघ संस्थाको हकमा प्रत्येक आ.ब.को बढीमा रु. १०००/-(एक हजार मात्र)को दरले जरिवाना हुने ।

३. लेखा परिक्षण नगर्ने, कर चुक्ता नलिने र साधारण सभा नगर्ने संघ/संस्थाको हकमा प्रत्येक आ.ब.को बढिमा थप रु. २०००/- (दुई हजार) दरले जरिवाना हुने ।

४. दर्ता गर्ने अधिकारीले प्रचलित सहकारी कानुनको पालना गर्नको लागि दिएको लिखित आदेश अवज्ञा गर्ने सहकारी संघ/संस्थालाई पहिलो पटक बढिमा रु. तिन हजार सम्म र दोस्रो पटक दोब्बर गर्दै पटक पटक सोही कसूर गरेमा रु. ५०,०००/- (पचास हजार) सम्म जरिवाना हुने ।

५. प्रचलित कानुनको प्रतिकूल हुने गरी सदस्य संग ब्याज लिएमा, ब्याजलाई पुँजीकृत गरेमा, कार्यक्षेत्र बाहिर गई कारोवार गरेमा तथा गैर सदस्य कारोवार गरेमा पहिलो पटक रु. १० हजार सम्म र त्यसपछि दोब्बर जरिवाना गर्दै बढीमा रु. १,००,०००/- (एक लाख) सम्म जरिवाना हुने ।

अनुसूची १३
दफा २३ संग सम्वन्धित

| सि.नं. | कर शिर्षक | आगामी आ.व ०८१।०८२ को प्रस्तावित दररेट |
|---|---|---|
| १ | ब्लक प्रति गोटा | २५ पैसा |
| २ | पानी प्रति लिटर | १० पैसा |
| ३ | पानी प्रति जार | १ रुपैयाँ |
| ४ | मदिरा सिसि प्रति गोटा | ५० पैसा |
| ५ | प्लास्टिक जन्य पदार्थ प्रति के.जि | रु ५० पैसा |
| ६ | फलाम प्रति केजी | रु १ |
| ७ | सिलौर, जस्ता प्रति के.जि. | रु १ |
| ८ | तामा पित्तल प्रति के.जि | रु ५ |
| ९ | कागज प्रति केजि | रु ५० पैसा |
| १० | ईट्टा (मेसिन बाट उत्पादीत) प्रति गोटा | रु २५ पैसा |
| ११ | ईट्ट लोकल प्रति गोटा | रु २० पैसा |
| १२ | ईनार/ कुवा रिङ प्रति गोटा | रु ५ |
| १३ | काँचो काठ निकासी | प्रति क्युफिट ३ |
| १४ | नम्मरी काठ (सम्वन्धित निकाय बाट अनुमति लिई व्यवसायिक प्रयोजनका लागिएमा) | प्रति क्युफिट ५ |

**अनसूची १४**

**दफा २४ संग सम्वन्धित**

| **सि.नं.** | **करको विवरण** | आगामी आ.व ०८१।०८२ को प्रस्तावित दररेट | **कैफियत** |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा प्रति सेफ्टी | रु ७ | प्रदेश कानुन बमोजिम |
| २ | माटो तथा डस्ट प्रति सेफ्टी | रु ३.५ | प्रदेश कानुन बमोजिम |

नोट

१. यस ऐनमा उल्लेख भएका राजस्व शिर्षक र राजस्वका दरहरु तोकिए बमोजिम हुनेछ र माथि उल्लेखित राजस्व शिर्षक बाहेक अन्य प्रकृतिका व्यवसायिक फर्म संचालनका लागि दर्ता गर्न आएमा माथि उल्लेखित राजस्व शिर्षक संग मिल्दोजुल्दो शिर्षकमा राजस्व रकम नघट्नेगरी राजस्व रकम बुझिने छ ।

२. यस ऐनमा जेसुकै लेखिएको भएतापनि नेपालको संविधान २०७२ को भाग ५ दफा ५७ को ७ बमोजिम गाउँ सभा वा नगर सभाले कानुन बनाउँदा प्रदेश कानुन संग नबाझिनेगरी बनाउनुपर्नेछ र गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानुन प्रदेश कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ भन्ने व्यवस्था । सोही बमोजिम माथि उल्लेखित राजस्वका दर संघीय तथा प्रदेश सरकारको कानुनले तोकेको हकमा सोही बमोजिम हुनेछ ।